नेपाल सरकार

गृह मन्त्रालय

**सशस्त्र प्रहरी बल प्रधान कार्यालय**

प्रवन्ध शाखा हलचोक, काठमाण्डौ

# सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०६५/०८/१७ गते ।

आर्थिक वर्ष २०६५।०६६ को लागि सशस्त्र प्रहरी बलको नेपाल ए.पि.एफ.अस्पताललाई आवश्यक भएको आँखा सम्बन्धी निम्न औजार उपकरणहरु सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गरी कार्य सम्पादन गर्नु पर्ने भएकोले तल उल्लेखित शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न :-**

| सि.नं. | सामानको बिवरण | परिमाण |
|---|---|---|
| 1. | Binocular Indirect opthalmoscope | 1 Set |
| 2. | Bipolar wet field cautery (Coaglator) | 1 Set |
| 3. | Slit Lamp | 1 Set |
| 4. | Auto refractometer | 1 Set |
| 5. | Operating microscope | 1 Set |

**बोलपत्र सम्बन्धी सर्तहरु :-**

१. बोलपत्र सम्बन्धी कागजातहरु स.प्र.बल प्र.का. प्रवन्ध शाखा हलचोक तथा कोष तथा लेखा नियन्त्रक कार्यालय त्रिपुरेश्वर काठमाण्डौंवाट सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र रु.१,०००।- नगदै तिरी खरिद गर्न सकिने छ र सिलबन्दी बोलपत्र दाखिला यस कार्यालयमा ३१ औं दिनको १२:०० बजे भित्र गरिसक्नु पर्नेछ । दर्ता भएका सिलबन्दी बोलपत्रहरु सोही दिनको १४:०० बजे यस कार्यालयको प्रागंणमा खोलिनेछ । दर्ता तथा खोल्ने दिन कारणबस सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्य सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा गरिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

२. सिलबन्दी बोलपत्रको सुरक्षण बापत सिलबन्दी बोलपत्रसाथ कुल बोल अंकको २.५% बोलपत्र जमानत ईजाजत प्राप्त वाणिज्य वैकंवाट जारी भएको बोलपत्र खोलीने दिनबाट कम्तीमा १२० दिन म्याद भएको वा नगद धरौटीको हकमा यस कार्यालयको नेपाल राष्ट्र बैंक थापाथली स्थीत धरौटी खाता नं.स.अ. १३१८६१।०६५ मा नगदै दाखिला गरेको सक्कलै बैंक भौचर र विदेशी बैंकले जारी गरेको बोलपत्र जमानत भए नेपाल भित्रको ईजाजत प्राप्त बाणिज्य बैंकले प्रति-प्रत्याभुति (Counter Guarantee) गरेको हुनुपर्नेछ ।

३. बोलपत्रसाथ फर्म/कम्पनी दर्ता, मु.अ.कर दर्ता प्रमाण-पत्र र स्थायी लेखा दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, गत आ.ब.को कर चुक्ता प्रमाण-पत्र वा कर कार्यालयवाट म्याद थप भएको प्रमाण पेश गर्न पर्नेछ र बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजायँ नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत समावेश गरेको हुनुपर्नेछ ।

४. कबोल दररेट अंक र अक्षरमा प्रष्ट उल्लेख गरी प्रति इकाई मूल्य खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ , साथै वोलपत्र सम्वन्धी कागजात र यस कार्यालयवाट माग गरिएको कागजातहरु समेत एउटै खाममा आफुले आपूर्ति गर्ने सामानको नाम, फर्मको नाम, ठेगाना, सम्पर्क फोन नम्बर र बोलपत्र पेश गर्ने कार्यालयको नाम स्पष्ट रुपमा खुलाई पेश गर्नुपर्नेछ ।

५. स-शर्त पेश गरेको वोलपत्र मान्न कार्यालय वाध्य हुने छैन ।

६. सामानको स्पेशिफिकेशन, बोलपत्रदातालाई निर्देशन, सामान्य शर्त र विशेष शर्तहरु समेत बोलपत्र सम्वन्धी कागजातमा उपलब्ध गराईनेछ ।

७. बोलपत्र सम्वन्धी कागजातमा कुनै संशोधन वा हेरफेर गर्न पर्ने भएमा सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराईने छ ।

८. यस बाहेक अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र फोन नं. ०१-४२८९७४९ मा सम्पर्क राखी बुझ्न सकिने छ ।

९. यो सूचनासार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra. gov.np मा समेत उपलब्ध छ ।